थलारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोली, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


## आयोजना सम्झौता र उपभोक्ता समिति अभिमुखीकरण सम्बन्धी सूचना !

**सूचना नं. ५१**

**(प्रकाशित मिति २०८१/०९/२८)**

उपर्युक्त विषय सम्बन्धमा यस थलारा गाउँपालिकाको आर्थिक वर्ष २०८१-०८२ को वार्षिक कार्यक्रम अनुसार थलारा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ र थलारा गाउँपालिकाको उपभोक्ता समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नुपर्ने आयोजनाहरुका हकमा यस आर्थिक वर्षमा उपभोक्ता समितिसँग आयोजना सम्झौता छुट हुन गएका उपभोक्ता समितिहरुले तोकिए बमोजिमका कागजातहरु सहित मिति २०८१/१०/०६ गते भित्र आयोजना सम्झौता गरि सक्न हुन र उपभोक्ता समितिको अभिमुखिकरण कार्यक्रममा सहभागी नभएका उपभोक्ता समितिका पदाधिकारीहरुलाई तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने अभिमुखीकरण कार्यक्रममा सहभागी भई दिन हुन अनुरोध छ।

**तपसिल**

**सम्झौताका लागि पेश गर्नुपर्ने कागजातहरु:**

१. उपभोक्ता समिति गठनको निर्णयको फोटोकपी,
२. सम्झौताका लागि प्रतिनिधि तोकिएको र खाता सञ्चालन सम्बन्धी उपभोक्ता समितिको निर्णय,
३. उपभोक्ता समिति गठन गर्ने भेलाको फोटोहरु र काम शुरु गर्नुपूर्वका फोटोहरु,
४. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रका फोटोकपीहरु,
५. वडा कार्यालयको सिफारिस,
६. उपभोक्ता समिति गठन प्रतिवेदन,
७. छाप र बैंक खाता सञ्चालनका लागि चाहिने खाता सञ्चालकका फोटोहरु,

**अभिमुखीकरणमा सहभागी हुनुपर्ने पदाधिकारीहरु:**

१. उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्ष,
२. उपभोक्ता स्तरिय अनुगमन समिति संयोजक,

**अभिमुखिकरण हुने मिति, समय र स्थान:**

**मिति:** २०८१/१०/०६
**समय:** विहान १० बजे
**स्थान:** थलारा गाउँपालिकाको कार्यालय

(प्रयागराज पाध्या)
प्रमुख प्रशासकीय अधिकृत